# हिमाली सुस्केरा
राष्ट्रिय साप्ताहिक

वर्ष : २४, अङ्क : १५, २०८२ पुस १३ गते आइतवार ( 28 Dec. 2025 ) मूल्य रु. २०।-




राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानमन्त्री शुशिला कार्की नेपाली कांग्रेस सभापति शेरबहादुर देउवा, नेनकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली र नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल संग छलफल गर्नु हुँदै ।

## निर्वाचनको वातावरण बनाउन दलका शीर्ष नेताहरुसँग भेट

सुस्केरा समाचारदाता

काठमाडौं, पुस । प्रधानमन्त्री सुशीला कार्कीले बालुवाटार प्रमुख दलका शीर्ष नेताहरु सँग छलफल गर्नु भएको छ । छलफलमा सहभागी नेताहरु लाई सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री कार्कीले भन्नु भयो, 'यो घर तपाईंहरूकै हो । म त न्याय क्षेत्रको मान्छे । राष्ट्रपतिज्यूबाट चुनाव गराउने कार्यादेश पाए बमोजिम हामी चुनावको तयारी गरिरहेका छौं ।'

बालुवाटार पुग्नुभएका कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली र नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाललाई स्वागत गर्दै प्रधानमन्त्री कार्कीले यस्तो बताउनु भएको हो ।

'मेरो निमन्त्रणलाई स्वीकार गरी यहाँ हरू आइदिनुभयो, धेरै धन्यवाद र स्वागत छ', उहाँले भन्नुभयो, 'मैले यहाँहरूलाई बोलाएर बिन्ती गर्न खोजेको के भने यो निर्वाचन जसरी पनि सफल पारौं । सबै यसमा सहभागी हुनु पर्छ । तपाईंहरू निर्वाचनका लागि तयार हुनुहुन्छ भन्ने नै मैले देखेकी छु । त्यस्तो वातावरण बनिरहेको देख्छु। यो स्वागतयोग्य छ ।'

प्रधानमन्त्री कार्कीले निर्वाचन आयोग र प्रहरी प्रशासनलाई आवश्यक स्रोत साधन उपलब्ध गराइसकेको जानकारी दिनु हुँदै अब अलमल नगरी राष्ट्रको भविष्य सम्झेर चुनाव सफल

....... .. .पेज नं. ८ मा

## देश जलाउनेलाई कारवाही होस्

सुस्केरा समाचारदाता

काठमाडौं, पुस । पूर्वप्रधानमन्त्री झलनाथ खनालकी धर्मपत्नी प्राध्यापक रविलक्ष्मी चित्रकार तीन महिनासम्म भारतको नयाँ दिल्लीस्थित एपोलो अस्पतालमा गहन उपचारपछि सोमबार स्वदेश फर्किनु भएको छ ।

जेनजी आन्दोलनका क्रममा घरमा भएको आगलागीमा गम्भीर घाइते भई जीवन-मरणको अवस्थाबाट गुज्रिएकी चित्रकारको स्वास्थ्य अवस्था अहिले स्थिर र सुधारोन्मुख भएपछि उहाँ नेपाल फर्किनु भएको हो ।

सोही क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारहरुसँग कुराकानी गर्दै उहाँले जेनजी भाइबहिनीहरुले अबो धपनको मकुन्डो ओडेर देशलाई नष्ट पार्न खोज्नेहरुलाई यो सरकारले छिटै चिनेर कारवाही गर्नुपर्ने माग गर्नु भएको छ ।

उहाँले भन्नु भयो, 'भाइबहिनीहरुको अबो धपनको मकुन्डो ओडेर यो देशलाई नष्ट पार्न खोजे उनीहरुलाई सरकारले छिटै

....... .. .पेज नं. ८ मा

## डोल्पामा माओ दिवस सम्पन्न

सुस्केरा समाचारदाता

डोल्पा, पुस । चीनिया कम्युनिष्ट पार्टीलाई उत्कर्षमा पुर्‍याउने विश्वका महान कम्युनिष्ट नेताहरु मध्यका माओत्सेतुंगको सम्झनामा आज डोल्पामा माओ दिवस मनाइएको छ ।

क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल जिल्ला संगठन समिति डोल्पाको आयोजनामा माओ दिवस मनाइएको उक्त पार्टीका डोल्पा संयोजक विराटले जानकारी दिनु भयो ।

उहाँका अनुसार डोल्पामा नागरिक उपस्थिति भन्दा पनि मुद्धाका हिसाबले जोडदार आवाज उठाउदै समाज परिर्तनको हुंकार गरेर विभिन्न नारा सहित दुनै बजारमा जुलुस संचालन गरिएको र राजा चोकमा गएर कोणसभा भई दिवस समापन गरिएको थियो ।

दिवस जुलुसमा विश्वका मजदुर तथा

....... .. .पेज नं. ८ मा

## डोल्पामा क्रिसमस दिवस सम्पन्न

सुस्केरा समाचारदाता

डोल्पा, पुस । क्रिसियन धर्मावलम्बीहरुको पर्व क्रिसमस दिवस विश्वभरी मनाइएको छ । प्रभु यशु क्रिष्टको जन्मदिनको अवसर पारेर मनाइने क्रिसमस डे को अवसरमा डोल्पाका विभिन्न चर्चहरुमा विभिन्न कार्यक्रम गरेर क्रिसमस डे मनाइएको छ ।

त्यसै गरी डोल्पाको सदरमुकाम दुनै स्थित चर्चमा प्रभु यशुको सम्झनामा क्रिसमस डे मनाइएको छ । क्रिसमस डेको अवसरमा एकआपसमा उपहार साटासाट गरिएको दुनै चर्चका प्रमुख गोकर्ण बोहोराले बताउनु भयो ।

यसरी विभिन्न स्थानका क्रिसियनहरुले पनि विभिन्न कार्यक्रम संचालन गरि क्रिसमस डे मनाएका छन् । आज भन्दा दुई हजार २५ बर्षअघि डिसेम्बर २५ तारिखका दिन यशु क्रिष्टको जन्म इजारायलको वेथलेहेममा भएको थियो । त्यस्तै क्रिसमस दिवसका अवसरमा

....... .. .पेज नं. ८ मा

## अराजक तत्वका हातमा सत्ता जाला

सुस्केरा समाचारदाता

डोल्पा, पुस । एक जना व्यक्ति तनावमा भए जस्तै बाटोमा एता र उता गरिरहेको बेला मानिस भेटिने वित्तिकै भन्थे देश जलाउनेहरुले देश विदेशीको हातमा सुम्पने भए ।

अराजकता मच्चाएर देशका स्वाधीन किल्लाहरु भत्काउने, राष्ट्रवादी भावना माथि विभिन्न विदेशी हथ्कण्डा मच्चाएर मिडिया ढोल गर्ने, अनावश्यक, बिना प्रमाण, बिना आधार, सावजनिक स्थलहरुमा सोचबिचार नगरिकन नानाथरी छाडा गाली गर्ने, सामाजिक सञ्जालमा वाइयात गाली गर्ने यस्तो पनि शासन हुन्छ ? भनेर प्रश्न गर्दै गरेको देखिन्थ्यो ।

उनी यो सामाजिक अवस्थाका एक उदाहरणका रुपमा देखिएका पात्र मात्र हुन । यस प्रकार धेरै नेपालीहरुका मनमा आशंकाले जरो गाडेको छ ।

विदेशी दलालका रुपमा काम गने तत्वहरुले हाम्रो भान्साको चुलोसम्म पहुच पुर्‍याई सकेको देखिन्छ । एक एक नागरिकहरुमा असुरक्षा महसुस भैरहेको छ । सबैले आफूलाई असुरक्षित महसुस गर्नु भनेको बिकराल द्वन्द्वको अनुमान

....... .. .पेज नं. ८ मा

## महासंघका संस्थापक अध्यक्षको इतिहास स्थापित गर्न

सुस्केरा समाचारदाता

काठमाडौं, पुस । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले चरम राजनीतिक प्रभावका कारण नेपाल पत्रकार महासंघको इतिहास मोडिएको बताउनुभएको छ । सत्य र तथ्य सूचना सम्प्रेशन गर्नुपर्ने पत्रकारहरुकै इतिहास मेटिनु गलत भएको बताउँदै उहाँले संस्थापक अध्यक्षको इतिहास स्थापित गराउनमा आफूले पनि भूमिका खेल्ने प्रतिवद्धता जनाउनुभएको छ ।

नेवाः पत्रकार राष्ट्रिय दबूले ललितपुरमा शनिबार गरेको कार्यक्रममा नेपाल पत्रकार महासंघका संस्थापक अध्यक्ष सत्यनारायणबहादुर श्रेष्ठको विषयमा चर्चा गरिएको छ । मन्त्री खरेलले सत्य र तथ्य दस्तावेज प्रस्तुत गर्न आह्वान गर्नुभयो । वास्तविक तथ्य उपलब्ध भएको अवस्थामा सत्यनारायणबहादुर श्रेष्ठलाई नेपाल पत्रकार महासंघको संस्थापक अध्यक्ष बनाउने क्षेत्रमा आफूले पनि पहल गर्ने मन्त्री खरेलले आश्वासन दिनुभएको छ ।

त्यस्तै, सत्यनारायणबहादुर श्रेष्ठकी कान्छी छोरी सुजिता मानन्धरले आफ्ना बुवाले पत्रकारिता र शिक्षा क्षेत्रमा गर्नुभएको योगदानको विषयमा चर्चा गर्नुभएको थियो । तत्कालीन दरबारसँगको सम्बन्धकै कारणले निर्वासित जीवन बिताउन भारतको कलकता पुग्नुभएका श्रेष्ठ बहुदलीय प्रजातन्त्र पश्चात् नेपाल फर्किएर पुनः शिक्षा क्षेत्रमा काम गर्नुभएको अनुभव सुनाउनुभएको थियो ।

नेपाल पत्रकार महासंघका संस्थापक अध्यक्ष श्रेष्ठको ११० औं जन्म जयन्तीको अवसरमा सम्पन्न भएको

....... .. .पेज नं. ८ मा

### निर्वाचनको वातावरण ... ....

पार्नु पर्नेमा जोड दिनु भयो । चुनाव सफल पार्नु सबैको जिम्मेवारी भएको भन्दै उहाँले चुनाव सफल पार्न सहयोग गर्नकै लागि बालुवाटारमा शीर्ष नेतालाई निम्ता दिएको प्रष्ट पर्नु भयो । 'हामीले निर्वाचन आयोग र प्रहरी प्रशासनलाई आवश्यक स्रोत साधन उपलब्ध गराएका छौं। भनेजति नै स्रोत साधनको व्यवस्था गरेका छौं । सुरक्षाकर्मीको मनोबल बढेको कुरा त यहाँहरूले पनि महसुस गर्नु भएकै होला। हामी त्यसरी काम गरिरहेका छौं', प्रधानमन्त्री कार्कीले भन्नु भयो, 'अब कुनै अलमल नगरी यो राष्ट्रको भविष्य सम्झेर, स्थिर र दिगो लोकतन्त्रको सुनिश्चितताका लागि चुनाव सफल पारौं। यो हामी सबैको जिम्मेवारी हो। यत्ति अनुरोध गर्न मैले यहाँहरूलाई आज निम्ता गरेकी हुँ ।'

राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री सुशीला कार्कीसहित प्रमुख राजनीतिक दलका शीर्ष नेताबिच छलफल भएपछि सरकारले अझै सघन संवाद आरम्भ गरेको हो । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले शुक्रबार नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली र नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' सँग संवाद गर्नुभयो । उहाँहरूको भेट निर्वाचन सफल बनाउन माहोल सिर्जना गर्ने विषयमै केन्द्रित रहेको बताइएको छ ।

सरकारले फागनु २१ गतेका लागि तोकेको निर्वाचनका वातावरण बनाउन उच्चस्तरीय राजनीतिक संवाद अघि बढाएको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्री जगदीश खरेलले शुक्रबार तीन वटै दलका शीर्ष नेतासँग भेटवार्ता गर्नुभएको छ भने आज निर्वाचनको अन्तिम तयारी तथा दलहरूबिचको थप समन्वयका लागि प्रधानमन्त्री कार्कीले बालुवाटारमा शीर्ष नेताहरूसँग छलफल गर्नुहुने छ ।

तीन दलका शीर्ष नेताकै निवासमा पुगेर भेटवार्ता गरेपछि सञ्चारमन्त्री खरेलले फागुन २१ गतेका लागि तय गरिएको निर्वाचन तोकिएकै समयमा हुने र त्यसमा सबै राजनीतिक दलहरू सहभागी हुने स्पष्ट पार्नुभयो । उहाँले निर्धारित मितिमै प्रतिनिधि सभा सदस्यको निर्वाचन गर्ने सरकारको चाहना र दृढता रहेकाले राजनीतिक दलहरूसँगको वार्ता र छलफललाई निरन्तर अघि बढाइरहेको बताउनुभयो । मन्त्री खरेलले निर्वाचनको माहोल बनाउन, सर्वदलीय, सर्वपक्षीय र व्यक्तिगत रूपमा पनि सरकारले दलका कार्यालय नेताका घरदैलोमा गएर पहलकदमी गरिरहेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "निर्वाचनको वातावरण बनाउन सरकारले पहल गरिरहेको छ । तीन ठुला दलका शीर्ष नेताले भेटका क्रममा निर्वाचन हुनु पर्छ भन्ने स्पष्ट धारणा राख्नुभएको छ ।"

### महासंघका संस्थापक .. .....

कार्यक्रममा सञ्चारकर्मीद्वय प्रकृति अधिकारीलाई पुरस्कृत र रामकृष्ण कर्माचार्यलाई सम्मान प्रदान गरेको छ। अधिकारीलाई सत्यनारायण बहादुर श्रेष्ठ प्रेस स्वतन्त्रता सेनानी पुरस्कार ११४६ प्रदान गरिएको छ। गोरखापत्र राष्ट्रिय दैनिकका उपसम्पादक अधिकारीलाई नगद राशी २५ हजारसहित सम्मानपत्र प्रदान गरिएको छ ।

त्यस्तै सत्यनारायणबहादुर श्रेष्ठ प्रेस स्वतन्त्रता सेनानी सम्मान ११४६ बाट श्रेष्ठका सहकर्मी वरिष्ठ पत्रकार राम कृष्ण कमाचार्यलाई सम्मानित गरेको थियो ।

कार्यक्रममा तेस्रो मिडिया कप फुटसल प्रतियोगितामा पुरुषतर्फ ललितपुर महानगरपालिका वडा १६ कलाकार समिति र ललितपुरकै महिला पत्रकारहरुलाई उत्कृष्ट भएवापत प्रमाणपत्र, ट्रफी र मेडल हस्तान्तरण गरिएको छ ।

### अराजक तत्वका ....... .....

गर्न सकिन्छ । मानिसहरुले साँचो कुरा भन्न नपाउँदै पुराना पार्टीको होस भनेर हप्काइन्छ ।

दिनडाहाडै पख तेरो भनेर हप्काउदा जेनजी आन्दोलनका बेला अदृश्य रुपमा विदेशी शक्ति र देशको उन्नति, प्रगति र शान्तिसुरक्षा भएको देशका रुपमा नेपाललाई देख्न नसक्ने हरुले चलाएको विध्वंसको आगोले कते बिना कारण आफूलाई भेट्टाउछ कि भनेर सर्वसाधारण नागरिकहरु गहिरो चिन्तामा रहेको भान हुन्छ । यस प्रकारको अवस्थाबाट पार पाउनका लागि कानुनी राज्यको स्थापना भई राज्य अराजकताबाट होइन कानुनी विधिबाट संचालन भएर नागरिकहरुको जिउधनको सुरक्षाको महसुस गराउने सरकार बन्नु आवश्यक छ ।

### डोल्पामा क्रिसमस ..... ....

डोल्पामा रहेका क्रिसियनहरुले दुनै बजारमा रहेको मण्डलि घरमा विभिन्न कार्यक्रम गरेर क्रिसमस दिवस मनाएका हुन् । क्रिसमस दिवसको अवसरमा क्रिसियनहरुका बिचमा र अन्य धर्मावलम्बीहरुसँग पनि शुभकामना साटासाट गरेर दिवसमा सौहार्दता प्रदर्शन गरिएको देखिन्थ्यो । एक धर्म मान्नेले अर्को धर्म मान्ने समुदायलाई घृणा होइन सम्मान गर्नु आवश्यक रहेको छ ।

किन भने धर्म मान्नु आ आफ्नो इच्छाको कुरा हो तर एक धर्म मान्ने व्यक्तिले अर्को धर्म मान्ने समुदायका व्यक्तिलाई होच्याउने, विभिन्न काममा अवरोध गर्ने, आफ्ना छोरी चेली अर्को धर्म मान्नेहरुका व्यक्तिसँग बिहे गरे नस्वीकार्ने तथा हेला गर्ने व्यवहार ठिक नभएको नागरिक अगुवाहरुले बताउनु भएको छ । सबै मिलेर बस्नु पर्ने समुदायमा कुन धर्म जात भनेर भन्दा पनि हाम्रो समाजमा जरो गाडेका नराम्रा कुराहरु अशिक्षा, बेरोजगारी, कुलत, पक्षपात, भेदभाव, अन्धविश्वास जस्ता विकृतिका बिरुद्ध सबै एक भएर देशको समृद्धि तर्फ सबै लाग्नु पर्ने अवस्था आइसकेको डोल्पाका एक स्थानीयले बताउनु भएको छ ।

### डोल्पामा माओ .. .... ....

उत्पिडित जनता एक होऔं, मार्क्सवाद लेनिनवाद, माओवाद जिन्दावाद, नयाँ जनवाद, वैज्ञानिक समाजवाद जिन्दावाद, साम्राज्यवाद द्वारा प्रायोजित संसदीइ निर्वाचन बहिष्कार गरौं, स्वाधीन संयुक्त सरकार गठन गरौं, १ सय ३३ औं माओ दिवस भव्य रुपमा मनाऔं लगायतका नारा लगाउँदै डोल्पाको सदरमुकाम दुनै बजारमा जुलुस प्रदर्शन गरिएको थियो । जुलुसले बजार परिक्रमा पछि राजा चोकमा पुगेर माओको तस्विरमा अबिरावरण र माल्यार्पण गरिएको थियो । कोणसभालाई क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल जिल्ला समिति डोल्पाका संयोजक विराटले विश्वको कम्युनिष्टहरुका लागि नीतिगत सुधार, मजदुरहरुको हित हुने गरी व्यवस्था ल्याउन तथा विश्व कम्युनिष्ट आन्दोलनमा माओको योगदानको चर्चा गर्दै माओ विश्वका महान कम्युनिष्ट नेता मात्र होइन माओवाद प्रतिवादन गर्ने व्यक्तित्व भएको बताउनु भएको थियो ।

नेपालमा हाल भैरहेको निर्वाचनको नाटक साम्राज्यवादको हत्कण्डा भएको र नेपाललाई पराधिन बनाएर उनका लागि विदेशी शक्तिहरुले चलखेल गर्ने मात्र होइन सम्पूर्ण स्वाधीन नेपालीहरुलाई डरधार धम्की देखाउदै देशलाई साम्राज्यवादीको कठपुतली बनाउन विदेशी दलालहरु लागि रहेको संयोजक विराटले उल्लेख गर्नु भएको थियो ।

### देश जलाउनेलाई ... .... ....

चिनेर कारबाही गर्नुपर्छ । मेरो यही माग छ । मैले किताबमा पढेको थिए-हिटलरको ग्याँस चेम्बर, त्यसमा म आफै परें । अहिले यस्तो गति भयो मेरो । मलाई बचाउनका लागि जस जसले जति प्रयास गर्नु भएको छ उहाँहरुलाई धन्यवाद दिन चाहन्छु ।'

भदौ २४ गते बिहान खनाल दम्पत्ती बसोबास गर्ने काठमाडौं डल्लु निवासमा भएको आगलागीमा चित्रकारको शरीरको करिब १५-१७ प्रतिशत भाग जलेको थियो । विशेषगरी देब्रे हातमा गम्भीर चोट लागेपछि सङ्क्रमण फैलिँदै जाँदा अवस्था जटिल बनेको थियो ।

## आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं।

- आगो तथा हीटर नजिकबाट नतापौं।
- कागज, कपडा जस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरको नजिक नराखौं।
- कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं।
- आगो तथा हीटर बन्द गरेर मात्र सुतौं।
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं।
- बालबालिका, बृद्ध वा बिरामीलाई आगो वा हीटर नजिक एक्लै नछोडौं।
- घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं।
- आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आङबहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाता: बीरबहादुर बुढा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

## सम्पादकीय

# निर्वाचनको वातावरण

शान्तिपूर्ण भनेर घोषणा गरी सुरु भएको शान्तिपूर्ण जेनजी आन्दोलन गन्तव्यस्थान सम्म नपुग्दै बिना कारण अप्रत्यासित रुपमा भड्काइएर गएको भदौं २३ गते जुन प्रकारको घट्ना घटाइयो त्यसले हामी नेपालीहरुलाई सुरक्षा निकायहरु प्रति एक प्रकारको गलत संसय सिर्जना गरेको छ। किनकी नेपालको सुरक्षा निकायहरु सक्षम छन् भन्ने तरिकाले तत्कालिन सरकारले लापरवाही गरेकै देखिन्छ। संविधान तथा प्रहरी कानुनले दिएको अधिकार प्रयोग गरेर जुन प्रकारको घट्ना नहुने घट्ना घट्यो त्यसले सबैलाई दुःखी बनायो नै, तर त्यो घट्ना घट्ना बाध्य पार्ने तत्व पत्ता लगाउनु आवश्यक छ। त्यसमा सरकारले गम्भिर ध्यान दिनु आवश्यक छ। किनकी १० वटा आचारसंहिता प्रस्तुत गरेर माइती घरबाट सुरु भएको जेनजी आन्दोलन बिजुली बजार नजिक पुगे पछि घुसपैठ भएको महसुस गरी आयोजक जेनजीहरुले दिउसो साढे १२ बजेतिरै घुसपैठ भएको भन्दै फेसबुकबाट सबैलाई फर्कन आह्वान गरिसकेका थिए ।

सुनियोजित रुपमा भएको घुसपैठ का कारण बिजुली बजार नजिक राखेको प्रहरी ब्यारिकेट तोडेर अराजक भिडले जेनजीहरुलाई उक्साउदै अन्तराष्ट्रिय सम्मेलन केन्द्र तथा हाल रहेको संसद भवन तोडफोड र आगजनी गर्न थाले पछि घुसपैठियाहरुबाटै गोली चलेर ताकी ताकी ड्रेस लगाएका विद्यार्थीहरुको निधार र छातीमा गोली बर्साउदा अवस्था झनै असहज बनेको अवस्थाबाट जननिर्वाचित सर कारले २४ गते बिहान सुरु भएको आन्दोलनको अवस्था विश्लेषण गर्दै प्रधानमन्त्रीको राजिनामा भैसक्दा पनि देश जलि रहेको अवस्थालाई मध्य नजर गरी राष्ट्रपतिले अवस्थालाई शान्तिपूर्ण बनाउदै फ्रेस म्याण्डट आवश्यक रहेको भन्दै अन्तरिम सरकार गठन गरेको र निर्वाचन गरा उने कार्यादेश दिएकाले निर्वाचन गराउने एक मात्र वर्तमान सरकार को कार्यादेश भएको पटक पटक बताउने गरिएको भए पनि शान्त, निश्पक्ष र भयरहित वातावरणमा निर्वाचन गराउन सरकार लागि परे को बताइए पनि देशका ठुला राजनीतिक दलहरुले सुरक्षित महसुस गरेका छैनन्। निर्वाचनलाई सम्पन्न गर्नका लागि राजनीतिक दलहरुले निर्वाचनमा निर्धक्क रुपमा भाय रहित वातावरणमा चुनावी कार्यक्रममा सरिक हुन, प्रचार प्रसार गर्न र उम्मेदवारहरुले मतदाताहरुलाई आफ् ना नीति कार्यक्रम सुनाउदै भोटमाग्न जान पाउनु आवश्यक हुन्छ।

पुराना दलहरुलाई अनाहकमा गालिगलौज मात्र होइन धम्की दिएर निर्वाचनमा जान नसकिने ठुला दलहरुले बताउने गरेका छन्। उनीहरुले निर्वाचनको वातावरण नबनेको र डर धाक र धम्कीको अवस्थामा मतदाताहरुले निर्धक्क रुपमा आफूले चाहेका उम्मेदवारलाई मतदान गर्न नसक्ने भन्दै दलहरुले सरकारलाई निर्वाचनको वातावरण बनाउन भन्दै आएका छन्। आफ्नो शान्तिपूर्ण भनिएको आन्दोलनमा सुनियोजित घुसपैठ भएको थाहै नपाउने जेनजी पुस्ताले कसैको उक्साहटमा देश जलाउन पछि नपर्ने हाम्रो नवयुवाहरुले निर्वाचनको बेला अशान्ति मच्चाएर स्वतन्त्र मतदान हुन नदिने वातावरण रहेको भन्दै शान्तिपूर्ण रुपमा निर्वाचन हुने वातावरण सरकारले बनाउनु पर्छ।

# तीन कविता

सष्मा रानाहँमा
रातोपाटीबाट

......
त्यो रेखाहरूमा घर फर्कने बाटो लेखिएको हुन्छ
त्यही हातमा देशको आर्थिक नक्सा कोरिएको हुन्छ ।'

हाम्रा मान्छेहरू अझै पनि 'नागरिक' होइनन्
'वर्क परमिट' का नम्बर बनेर बाँचिरहेछन्
कहिले काहीँ परदेशको रातमा
मौन श्रमिकहरू सुत्नुअघि सास फेर्छन्
'हामी पैसाको पछि होइन
घर फर्कने अधिकारको पछि दौडिरहेछौं ।'

त्यो वाक्य कानुनी पुस्तकमा छैन
तर, मानवीय इतिहासमा अमिट छ ।

परदेशीहरू अपराधी होइनन्
उनीहरू त बाँच्ने कला सिकेका कविहरू हुन्
जो पसिनाले कविता लेख्छन्
र आँसुले हस्ताक्षर गर्छन् ।

३) अविराम संयोग
अम्बलको तलतल जस्तो
आफैँमा केही छुटे जस्तो
घरी-घरी सास फेर्न भुले जस्तो
गुडिरहेको बसको स्टेरिङमा
जीवनको परिभाषा घुमिरहे जस्तो
शरदमा ताङफुङ१का रंगीन पातहरू नाचिरहे जस्तो
या फत्कोथ२को जवानी मस्त फक्रिए जस्तो
कसैको याद
खै कस्तो ?
हरेक पटकको भेटपछि
छुटिनुअघि गर्छु, झुटो वादा
'उप्रान्त नभेटौँ' भनेर
उसैगरी 'हुन्छ' भनिदिन्छ उसले
तर, मनमा चल्छ हिउँदको सुख्खा बतास !
दियोको नजिक रहेको नौनी झैँ
उसका हरेक शब्दहरूले पग्लिने म
कसरी बेखबर रहनु सक्छु र ?
उन्माद थपिदिएर बोतल रित्तिए जसरी
हाम्रा माया कहिल्यै रित्तिँदैन
र पो झन्झन् घटिरहेछ प्रेमको दूरी ।

पिरतीको बायुपंखी घोडामा
सँगै उड्न मन लागेको बताउन नसके पनि
ओठबाट निस्किने धुवाँ आकार लिएर
छिनमै कता उडिजान्छ ?
यस्तो लाग्छ
उ पनि यसैगरी बेपत्ता भयो भने ?
अलिखित छन्
नमेटिने सम्झनाका दस्तावेजहरू
अदृश्य छन्
नबिर्सिने क्षणहरूको साक्षी यो घायल हृदयभित्र
घरी लाग्छ
संसारलाई प्रवाह नगरी टिपिदिऊँ
कपासका फूलजस्तै बादलको थुंगकहरू, उसैलाई
घरी लाग्छ
सुम्पिदिऊँ जम्मै-जम्मै
मुस्कानका हरफहरू, उसैलाई ।

पहाडको खोला जस्तो निश्चल
अविराम एउटा संयोगको पर्यायवाची
'उ'बाट यति धेरै खुसी पाउनु रहेछ
यति बिघ्न माया पाउनु रहेछ
र पो अर्ध चेत नै सही
मृत्युको सञ्चारदेखि फर्किएर आएछु ।

खेलकुद

# १३ औं किन्डर ओलम्पिक सुरु

सुस्केरा समाचारदाता

काठमाडौं, पुस । सभामुख देवराज घिमिरेले एनएसएसएफ १३औं किन्डर ओलम्पिकको उद्घाटन गर्नुभएको छ । त्रिपुरेश्वरस्थित दशरथ रङगशालामा शनिबार भएको कार्यक्रममा सभामुख घिमिरेले ओलम्पियन कमलबहादुर अधिकारीलाई किन्डर ओलम्पिकको टर्च हस्तान्तरण गरी उद्घाटन गर्नुभएको हो । कमलसँगै ओलम्पियन एथलेटिक्सकी सन्तोषी श्रेष्ठ, तेक्वान्दोकी आयशा शाक्य र कबड्डीकी मानमति विष्टले टर्चलाई दशरथ रङ्गशालाको ट्र्याकमा परिक्रमा गरा उनुभएको थियो ।

पहिलो चरणको किन्डर ओलम्पिकमा उपत्यकाका विभिन्न ३४ विद्यालयका १५ सय ४० विद्यार्थीको सहभागिता रहेको आयोजक नेपाल विद्यालय खेलकुद महासङ्घ (एनएसएसएफ) का महासचिव राजकुमार कार्कीले जानकारी दिनुभयो ।

विद्यार्थीले मार्च पास्ट गर्नुका साथै विभिन्न खेलको प्रतिस्पर्धा पनि भएको थियो । दशरथ रङ्गशालामै पुस १५ गते हुने दोस्रो चरणको कार्यक्रममा ६७ विद्यालयका करिब १६ सय विद्यार्थी सहभागी हुने पनि आयोजकले जनाएको छ ।

एनएसएसएफकाअध्यक्ष विनोद श्रेष्ठको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव रामचरित्र मेहता लगायतको उपस्थिति रहेको थियो । साने उमेरदेखि बालवालिकालाई खेलकुद प्रति आकर्षित गर्ने उद्देश्यले किन्डर ओलम्पिक आयोजना गरिएको आयोजकले जनाएको छ ।

# अर्थतन्त्र कसरी प्रभावकारी बनाउने

- गम्भीरबहादुर हाडा

नेपालको आर्थिक समस्याको मूलकारण अत्यधिक बाह्य निर्भरता हो । सन् १९७६ देखि भुक्तानी सन्तुलन संकटबाट बच्न अन्तर्राष्ट्रिय मुद्राकोषबाट ९ पटक सहायता लिनुपरेको नेपालले आधिकारिक रूपमा कुल गार्हस्थ उत्पादनको २० प्रतिशत व्यापार घाटा कायम राख्ने लक्ष्य राखेको छ । निर्यात स्थिर रहँदा आयात अकासिएको छ । युवा पलायन समस्या गम्भीर बन्दै छ । एक वर्षमा मात्रै ५ लाख ४४ हजार ३२० जना वैदेशिक रोजगार विभागबाट अनुमतिपत्र लिएका छन् । यी संकटले नेपाललाई आर्थिक र सामाजिक परिपक्वताको बाटोमा अगाडि बढ्नबाट रोकेको छ । विप्रेषणमा अत्यधिक निर्भरता, निरन्तर युवा पलायन, राजनीतिक अस्थिरता र संस्थागत कमजोरीले मुलुकलाई दुष्चक्रमा फसाएको छ । राजनीतिक स्थिरता, आर्थिक विविधीकरण, संस्थागत क्षमता निर्माण र प्राकृतिक विपद् जोखिम न्यूनीकरणमा तत्काल ध्यान दिइनुपर्छ । अन्यथा, नेपाल यही संकटको चक्रमा फसिरहनेछ र विश्वका गरिबतम् मुलुककै पंक्तिमा रहिरहने छ ।

नेपालको आर्थिक वृद्धिदर झन् खस्किने प्रक्षेपण गरिएको छ । विश्व बैंकले नेपाल डेभलपमेन्ट अपडेट प्रतिवेदन सार्वजनिक गर्दै नेपालको वृद्धि आर्थिक वर्ष २०८१-८२ मा ४.६ प्रतिशतबाट घटेर आर्थिक वर्ष २०८२-८३ मा २.१ प्रतिशतमा झर्ने प्रक्षेपण गरेको हो । विश्व बैंकका अनुसार गत २३ र २४ भदौको जेनजी आन्दोलन र त्यसपछि छाएको राजनीतिक अस्थिरताको प्रभावका कारण आर्थिक वृद्धि सुस्त हुनेछ । तथापि आर्थिक वर्ष २०८३-८४ (सन् २०२७) मा भने पुनर्निर्माण प्रयासमा हुने प्रगतिले आर्थिक वृद्धिदर ४.७ प्रतिशत पुग्ने अनुमान छ । सार्वजनिक प्रतिवेदनअनुसार सबैभन्दा बढी सेवा क्षेत्र प्रभावित हुने अपेक्षा छ । यद्यपि, यो प्रक्षेपण अझै अनिश्चित रहेको विश्व बैंकको भनाइ छ । 'राजनीतिक आर्थिक परिवर्तनको सफलता र दिगो सुदृढ व्यवस्थापन प्रत्याभूतिले लगानीकर्तालाई प्रोत्साहित आर्थिक सुधारलाई गति दिन सक्ने छ । नकारात्मक पक्षका रूपमा भने निरन्तर अनिश्चितताले लगानीकर्तालाई निरुत्साहित गर्नसक्ने अनुमान छ,' प्रतिवेदनमा भनिएको छ ।

पुनरुत्थानका लागि आवश्यक तत्काल गतिविधिबाहेक प्रतिवेदनले दिगो आर्थिक वृद्धिका लागि सार्वजनिक लगानी व्यवस्थापन ब लियो बनाउनुपर्नेमा जोड दिइएको छ । आव २०८०-८१ मा संघीय, प्रादेशिक र स्थानीय सरकारको कुल पूँजीगत खर्च कुल गार्हस्थ्य उत्पादन को ७.९ प्रतिशत थियो । यो नेपालको पूर्वाधार आवश्यकता पूरा गर्न आवश्यक लगानीभन्दा निकै कम हो । नेपालको पूर्वाधार आवश्यकता पूरा गर्नका लागि कुल गार्हस्थ्य उत्पादन को १० देखि १५ प्रतिशत लगानी आवश्यक छ ।

जेनजी आन्दोलनपछि कायम राजनीतिक अस्थिरताको प्रत्यक्ष असर मुलुकको अर्थतन्त्रले भोग्नुपर्ने देखिएको छ । अस्थिरताले मुलुकको अर्थतन्त्रको वृद्धिदरमै सुस्तता ल्या उने प्रक्षेपण छ । विश्व बैंकद्वारा सार्वजनिक 'नेपाल डेभलपमेन्ट अपडेट प्रतिवेदन'ले चालू आर्थिक वर्ष २०८२-८३ मा अर्थतन्त्र वृद्धिदर गत आवको तुलनामा आधाले कम हुने देखाएको हो । प्रतिवेदनअनुसार गत आवको तुलनामा अर्थतन्त्र वृद्धिदर ...... (राजधानीबाट)

संस्कृति, कला, बाल संशार



क्रिसमस डे मा दुनै चर्चका व्यक्तित्वहरु उपहार प्राप्त गरी रमाउदै ।

# विकासमा भ्रष्टाचार हुनु दुखद हो

सुस्केरा समाचारदाता

डोल्पा, पुस १२ गते । भ्रष्टाचार तथा अनियमितता गर्नु गम्भिर अपराध हो भन्ने कुरा सबैलाई थाहा छ तर भ्रष्टाचारमा किन लिप्त हुन्छन् त ? नेता तथा कर्मचारीहरु सोचनिय विषय भएको छ ।

विकास योजनाहरु आवश्यकता अनुसार छानिए भने तथा आवश्यकताहरुलाई पनि प्राथमिकिकरण गरेर योजनाहरु छनोट गरेर बजेट विनियोजन गरियो भने त्यहाँका जनसमुदायहरुको प्रत्यक्ष उपस्थिति तथा निगरानि हुने भएकाले विकास योजनाहरुमा अनियमितता कम हुने गर्दछ भनिन्छ । तर विकास योजनाहरुमा को कस कसको संलग्नतामा भ्रष्टाचार तथा अनियमितता हुन्छ ? यो निकै गम्भिर रुपमा सोच्नु पर्ने विषय हो ।

भ्रष्टाचार तथा अनियमितता रोक्नका लागि सामन्य नागरिकहरुले चाहेर हुदैन । सम्बन्धित निकायका सम्बन्धित तथा जिम्मेवार अख्तियारवाला कर्मचारीहरुले भ्रष्टाचार चाहेमा रोक्न सक्छन् । तर उनीहरु चाहदैनन् किन भने नेताहरुलाई एक भाग दिए भने कर्मचारीहरुले कति भाग लिन्छन् होला यो सम्बन्धित ठेकेदार, उपभोक्ता समिति र निर्माण योजनाका लागि काम गरिरहेका सम्बन्धित कार्यालयहरुले भोगेका हुन्छन् ।

सामान्य रुपमा कुनै कार्यालयहरुले कुनै कसैलाई २ रुपैया नदिने हो भने पनि कन्टेन्जेन्सी, अग्रिम कर, अरु के के गरेर करिव साढे ४ प्रतिशत रकम सम्बन्धित कार्यालयहरुले काटेर योजना कार्यान्वयन गर्ने कार्यालयहरु, उपभोक्ता समितिहरुको खातामा निकासा दिने गरिन्छ । त्यस पछि पनि महालेखा नियन्त्रक कार्यालयबाट लेखापरीक्षण मलेप, आलेपलाई खर्च गर्नु पर्छ भनेर सम्बन्धित कार्यालयहरुले थोरै भए पनि रकम माग्ने गरेको भन्ने सुन्नमा आउने गर्दछ ।

## सामान्य ज्ञान १५

*१. मिटरब्याज (अनुचित लेनदेन) लाई अपराध कायम गर्ने फौजदारी कानुन कहिलेदेखि कार्यान्वयनमा आएको हो ?*

*☐ विसं २०८० वैशाख २०*

*२. तामाङ मिनी सङ्ग्रहालयको निर्माण कहाँ गरिएको छ ?*

*☐ दोलखा*

*३. सातै प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्रीको सम्मेलन कहिले सम्पन्न भयो ?*

*☐ विसं २०८२ कात्तिक १५ (हेटौंडा)*

*- सङ्घीयताको आर्थिक पक्षलाई सबल र प्रभावकारी बनाउन सातै प्रदेशका आर्थिक मामिलामन्त्रीद्वारा संयुक्त रूपमा 'हेटौंडा घोषणापत्र' जारी गरिएको ।*

*- सम्मेलनमार्फत वित्तीय सङ्घीयतालाई सुदृढ र पारदर्शी बनाउने घोषणा ।*

*- घोषणापत्रमा सङ्घीय सरकारको वार्षिक बजेट वृद्धिको अनुपातमा वित्तीय समानीकरण अनुदान वृद्धि गर्न, अनुदानको वितरण पारदर्शी र अनुमान योग्य बनाउन तथा आर्थिक वर्षको बिचमा कुनै पनि खालको अनुदान कटौती नगर्न माग गरिएको ।*

*- ससर्त अनुदान विषयगत रूपमा एकमुष्ट पठाउनुपर्ने र राष्ट्रिय गौरवका आयोजनाबाहेकका परियोजना प्रदेश तथा स्थानीय तहमार्फत कार्यान्वयन गर्नुपर्ने उल्लेख गरिएको ।*

*- वित्तीय सङ्घीयताको दीर्घकालीन स्थायित्वका लागि 'प्रदेश आर्थिक मामिला परिषद्' नामक स्थायी संयन्त्र गठन गर्ने निर्णय गरिएको ।*

# ज्येष्ठ नागरिकप्रति श्रद्धा र सम्मान

- पवित्रा अधिकारी

नेपालमा विसं २०७८ पुस ११ गते देखि राष्ट्रियस्तरमा ज्येष्ठ नागरिक दिवस मनाउन थालिएको हो । नेपाल सरकारको निर्णयबमोजिम हरेक वर्ष पुस ११ गतेलाई राष्ट्रिय ज्येष्ठ नागरिक दिवसका रूपमा मनाउने गरिन्छ । यो यर्ष हामी ५ औं राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाउँदै छौं । २०५१ साल पुस ११ गतेदेखि तत्कालीन सरकारले ७५ वर्षमाथिका ज्येष्ठ नागरिकलाई एक सय रुपियाँ मासिक सामाजिक सुरक्षा भत्ता वितरण गने घोषणा गरेको थियो । त्यही एक सय रुपियाँ बढ्दै बढ्दै जाँदा अहिले मासिक चार हजार पुगेको छ । जुन ७० वर्षमाथिका ज्येष्ठ नागरिकलाई राज्यबाट सामाजिक सुरक्षा भत्ताका रूपमा वितरण गर्ने गरिन्छ । त्यही २०५१ साल पुस ११ गते स्मरण गदै विसं २०७८ पुस ११ गतेदेखि राष्ट्रियस्तरमा ज्येष्ठ नागरिक दिवस मनाउन थालिएको हो । यो दिन ज्येष्ठ नागरिकको योगदान, अधिकार, सम्मान र संरक्षणप्रति राज्य, समाज र परिवारको ध्यानाकर्षण गर्न मनाइने विशेष दिवस हो ।

ज्येष्ठ नागरिकको मानव अधिकारको संरक्षण, स्वस्थ र मर्यादित जीवनशैलीको प्रवर्धन र उनीहरूमाथि हुने दुर्व्यवहार, हिंसा र विभेद रोकथामका लागि आवाज उठाउन विभिन्न नीति तथा कार्यक्रम तय गर्नु यो दिनको प्रमुख विशेषता हो । ज्येष्ठ नागरिकले जीवनभर परिवार, समाज र देशका लागि महत्वपूर्ण योगदान दिइरहेका हुन्छन् । उमेर ढल्किँदै जाँदा उनीहरूलाई उपेक्षा, एक्लोपन, आर्थिक समस्या र स्वास्थ्य चुनौती सामना गर्नु पर्छ । यही वास्तविकतालाई सबैले देख्न, बुभ्न र सुधार गर्न सकियोस् भन्ने उद्देश्यले यो दिवस मनाइन्छ । यो दिनका लागि यस वर्षको नारा ‘हाम्रो साझा अभियानः ज्येष्ठ नागरिकप्रति श्रद्धा र सम्मान’ रहेको छ ।

नेपालको संविधान-२०७२ को धारा ४१ मा ‘ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने छ’ भनी मौलिक हकको रूपमा उल्लेख गरेको छ । ज्येष्ठ नागरिकको सामाजिक सुरक्षाको प्रत्याभूति दिनु राज्यको दायित्व हो । यही कुरालाई दृष्टिगत गर्दै ज्येष्ठ नागरिकको सम्मान, वृद्धावस्थामा हुन सक्ने समस्या र विभिन्न अप्ठ्यारालाई सम्बोधन गर्न ज्येष्ठ नागरिकको कानुनको रूपमा ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ तयार गरिएको थियो । अहिले २०७९ मा संसोधित भई लागु भइसकेको छ । जसमा ६० वर्ष वा सोभन्दा माथिका व्यक्तिलाई ज्येष्ठ नागरिक भनी परिभाषित गरेको छ ।

ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ संसोधन (२०७९) का केही प्रमुख उद्देश्य र प्रावधान रहेका छन् । उद्देश्यमा ज्येष्ठ नागरिकको सम्मान, सुरक्षाको व्यवस्था गर्ने, सामाजिक, आर्थिक र स्वास्थ्यसम्बन्धी सेवा र सुविधा उपलब्ध गराउने र पारिवारिक उत्तरदायित्व सुनिश्चित गने रहेका छन् । यसै गरी राज्यले ज्येष्ठ नागरिकको स्वास्थ्य, आवास र सामाजिक सुरक्षाको व्यवस्था, परिवारका सदस्यले ज्येष्ठ नागरिकको हेरचाह गर्न कानुनी दायित्व हो, ज्येष्ठ नागरिकलाई यातायात, अस्पताल र सेवा क्षेत्रमा प्राथमिकता दिने व्यवस्था, ज्येष्ठ नागरिक परिचयपत्र प्रदान गने व्यवस्था, ज्येष्ठ नागरिक आवासगृह स्थापना गर्न सकिने व्यवस्था र हेला, दुर्व्यवहार वा परित्याग गरेमा कारबाहीको व्यवस्था ज्येष्ठ नागरिकसम्बन्धी ऐनका केही प्रमुख प्रावधानमा पर्छन् ।

नेपालमा ज्येष्ठ नागरिकको सङ्ख्या दिनानुदिन बढ्दो छ । स्वास्थ्य सेवामा पहुँच, औसत आयुमा वृद्धि र जनसाङ्ख्यिक परिवर्तनका कारण नेपाल बुढ्यौली देशमा रूपान्तरित भइरहेको छ । अहिले नेपालमा कुल जनसङ्ख्याको १०.२१ प्रतिशत सङ्ख्या ज्येष्ठ नागरिकको रहेको छ । अबको २५ वर्ष अर्थात् सन् २०५० मा यो सङ्ख्या दोब्बर हुने छ भन्ने प्रक्षेपण जनसङ्ख्याविद्ले गरेका छन् । दुःखको कुरा के छ भने, सङ्ख्या बढ्दै जाँदा सम्मान र सुरक्षाको अवस्था भने कमजोर हुँदै गएको छ । यो विषय नै आजको मुख्य चुनौती हो ।

परम्परागत संयुक्त परिवार प्रणालीमा ज्येष्ठ नागरिक निर्णयकर्ता, मार्गदर्शक र सम्मानित व्यक्ति हुन्थे । समयसँगै परिवार संरचना परिवर्तन भयो । वैदेशिक रोजगारी, सहरीकरण र व्यक्तिगत जीवनशैलीका कारण संयुक्त परिवार कमजोर र एकल परिवार बलियो बन्दै गयो । यसको सिधा असर ज्येष्ठ नागरिकको जीवनमा पर्‍यो । आजको समाजमा सहनशीलता हराउँदै गएको देखिन्छ । अति उत्पादनमुखी जीवनशैली, प्रविधिमैत्री संस्कृतिले ज्येष्ठ नागरिकलाई समय दिन नसक्ने पुस्ता उत्पादन गरिरहेको छ ।

यसको जिम्मेवारी राज्य मात्र होइन, परिवार, समाज र प्रत्येक नागरिकको साझा कर्तव्य सम्झेर आआफ्नो जिम्मेवारी र दायित्व पूरा गर्ने हो भने यो अवस्थालाई परिवर्तन गर्न सकिन्छ ।

नेपालमा ज्येष्ठ नागरिकको अवस्था केवल सामाजिक मुद्दा होइन, मानव अधिकार र सामाजिक न्यायको प्रश्न पनि हो । नीति र कानुन पर्याप्त भए पनि कार्यान्वयन र व्यवहार कमजोर रहँदा सम्मान सुनिश्चित हुन सकेको छैन । अबको आवश्यकता भने को कानुनको प्रभावकारी कार्यान्वयन र साझा जिम्मेवारी हो । घरभित्रैबाट सम्मानको अभ्यास भएन भने कानुनले मात्र पनि समाज बदलिँदैन ।

ज्येष्ठ नागरिक हाम्रो समाजका जीवित इतिहास हुन् । समाजका अमूल्य धरोहर हुन् । उनीहरूका अनुभव, त्याग, सङ्घर्ष र योगदानकै जगमा आजको समाज उभिएको छ । विडम्बना, समयसँगै समाज आधुनिक बन्दै जाँदा ज्येष्ठ नागरिकप्रतिको श्रद्धा र सम्मान पक्ष कमजोर हुँदै गएको यथार्थ हामी सबैका अगाडि छ । ज्येष्ठ नागरिकप्रति श्रद्धा र सम्मान कुनै एक व्यक्ति, संस्था वा सरकारले मात्र पूरा गर्न सक्ने जिम्मेवारी होइन, यो हाम्रो साझा अभियान हो । ज्येष्ठ नागरिकले आफ्नो जीवनको ऊर्जावान् समय परिवार पालनपोषण, समाज निर्माण र राष्ट्र सेवामा खर्चिए । आज उनीहरू उमेर, स्वास्थ्य र शारीरिक सीमितताका कारण अरूमा निर्भर हुन बाध्य छन् । यो निर्भरता कमजोरी होइन, जीवनचक्रको स्वाभाविक चरण र प्रक्रिया हो । दुर्भाग्यवश, यही अवस्थालाई कतिपयले बोझका रूपमा बुझ्ने गरेका छन्, जुन आधुनिक समयसँगै उब्जिएको चिन्ताजनक सामाजिक व्यवहार या प्रवृत्ति हो । बढ्दो उमेरका कारण शारीरिक रूपमा केही सीमित भए पनि ज्ञान, अनुभव र जीवन सिकाइमा धनी ज्येष्ठ नागरिकको कुरा सुन्नु, अनुभवबाट सिक्नु र सम्मानका साथ व्यवहार गर्नु हाम्रो कर्तव्य हो । घरमै हजुरबुबा-हजुरआमा वा बुबाआमालाई समय नदिने, बेवास्ता गर्ने वा बोझ ठान्ने बानीले हामी र हाम्रो समाजलाई नै कमजोर बनाउँछ ।

श्रद्धा भनेको केवल खुट्टा ढोग्नु वा औपचारिक सम्मान गर्नु मात्र भने पक्कै पनि होइन । श्रद्धा भनेको सुन्नु, बुझ्नु, साथ दिनु र निर्णय प्रक्रियामा समावेश गराउनु हो । सम्मान भनेको ज्येष्ठ नागरिकलाई सहानुभूति या दयादानका आँखाले मात्र होइन, अधिकारको दृष्टिले हेर्नु हो । घरपरिवारमै ज्येष्ठ नागरिकको विचारलाई महत्व नदिने, उनीहरूलाई एक्लो छाड्ने वा बेवास्ता गर्ने बढ्दो प्रवृत्तिले समाजको नैतिक धरातल कमजोर बनाउँदै छ । संविधान तथा ऐनले उनीहरूलाई सम्मानपूर्वक बाँच्न पाउने हक सुनिश्चित गरेको छ । कानुन कागजमा मात्र सीमित भयो भने त्यसको अर्थ रहँदैन । राज्यले नीति निर्माण र सेवा प्रवाहमा जिम्मेवारी निभाउनु पनि जरुरी छ । यसरी नै परिवार र समाजले व्यवहारमा सम्मान उतार्नु अझै बढी आवश्यक छ ।

आजको पुस्ताले यी कुरा बुझ्नै पर्छ कि आज सम्मान नपाएका ज्येष्ठ नागरिक भोलिका हामी नै हौं र ज्येष्ठ नागरिकप्रतिको ............ (गोपबाट)

## भूकम्पबाट हुने क्षतिप्रति सचेत रहौं

भूकम्पले

- घर, पुल तथा अन्य संरचना भत्कना सक्दछ ।
- विधुत तथा टेलिफोन सेवा अवरोध हुन सक्छ ।
- बाढि पहिरो तथा आगलागिको जोखिम भई धनजनको क्षति हुन सक्दछ ।

त्यसैले

- घर, पुल तथा अन्य संरचना बनाउदा भूकम्प प्रतिरोधि बनाऔं ।
- घर वरिपरि तथा सार्वजनिक स्थललाई खुल्ला राखौं ।
- भूकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔं ।

छार्का ताङसोङ गाउँपालिका, डोल्पा

## भू-संरक्षण गरौं ।

भू-संरक्षणका उपायहरु :

- गोरेटो बाटो बनाउँदा सिढी बनाऔं,
- खेती गर्दा गहरा बनाइ गरौं,
- भूक्षय रोक्ने रुख, घाँस जस्ता बोटबिरुवा रोपौं,
- बिना अनुमति गिट्टी, बालुवा, माटो, ढुंगा उत्खनन नगरौं,
- सकेसम्म माटोमा रासायनिक मलको प्रयोग नगरौं,
- पानी संरक्षणका उपायहरु अपनाऔं,
- स्थानीय जैविक खेती, कृषि वन विधि अपनाऔं ।

काइके गाउँपालिका, डोल्पा

# पुटिन यात्रा अमेरिकी सामरिक नीतिलाई चुनौती

- विपिन देव

गत ४ देखि ५ डिसेम्बरसम्मको रसियाका राष्ट्रपति भ्लादिमिर पुटिनको भारत यात्रालाई विश्वका हरेक महत्वपूर्ण छापाले चासो लिएका छन् । ३० घण्टे भारत बसाईक्रममा पुटिनको भारत यात्राले भूराजनीति लाई प्रचूर मात्रामा प्रभावित गरेको देखिन्छ । सन् २००१ देखि सुरु भारत-रसियाको वार्षिक समिटलाई निरन्तरता दि“दै सन् २०२५ को २३औं समिटमा द्विपक्षीय दौत्यसम्बन्ध समीक्षा भए पनि यसको महत्व र घनत्व भूराजनीतिका लागि महत्वपूर्ण देखिएको छ ।

हुन त, विश्व राजनीति र कूटनीतिका लागि भारत रसिया सम्बन्ध उदाहरणीय रहेको छ । इतिहासका हरेक आरोहअवरोहमा रसिया-भारत मैत्री अटुट र अटल रहेको छ । भारत स्वतन्त्र भएपश्चात् २१ डिसेम्बर १९४७ मा सबभन्दा पहिले राजदूतका रूपमा केरलिन नोभीको आएकी थिइन् अर्थात् स्वतन्त्र भारतको दौत्यसम्बन्ध सुरुवात गने मुलुकका रूपमा सोभियत रुस रहेको थियो । सन् १९५३ मा तत्कालीन सोभियत रुसमा मुखिया स्टालिनले भारतका तत्कालीन राष्ट्रपति सर्वोपली राधाकृष्णनलाई पत्रका माध्यमबाट भारत-सोभियत-रुस सम्बन्ध भूराजनीतिभन्दा माथि रहेको उल्लेख गरेका थिए ।

६० को दशकमा सोभियत रुसका राष्ट्रपति निकिता ऋुसचेभको अभिव्यक्ति वडो रोचक देखिन्छ । अर्थात् भारतले पहाडको शिखरबाट पनि कुनै बेला सहयोगका लागि आग्रह गर्दा सोभियत सदैब तम्तयार रहेको ऋुसचेभको अभिव्यक्ति थियो । ९ अगस्ट १९७१ को ‘सोभियत भारत शान्ति सम्झौता’ले गर्दा नै भारतले एकसाथ अमेरिका, चीन, बेलायत र पाकिस्तानलाई दबाबमा राखेर पाकिस्तान विभाजन गरेर बंगलादेशको ‘धाईआमा’ बन्न सफल भएको थियो । इतिहासका हरेक आरोहअवरोहमा सोभियत संघ भारतको पक्षमा चटानझैं उभिएको देखिन्छ ।

सन् १९५७ मा अष्ट्रेलिया, अमेरिका, बेलायत र क्यूवाले संयुक्त राष्ट्र संघमा कश्मिर मुद्दामा प्रस्ताव दर्ता गरेका थिए । सो प्रस्तावको उद्देश्य कश्मिरबाट भारतले आफ्नो सैनिक फिर्ता लिनुथियो । सोभियत संघले ‘भिटो’ प्रयोग गर्दै सो प्रस्ताव खारेज गर्‍यो । सन् १९६१ भारतले गोवा एकीकरण गर्दा संयुक्त राष्ट्र संघमा भारतविरुद्ध फ्रान्स, टर्की र बेलायतले विरोध पत्र दर्ता गर्दा सोभियत संघले भारतको पक्षमा ‘भिटो’ प्रयोग गरेको थियो ।

सन् १९७१ मा पाकिस्तान विभाजन विरुद्ध अमेरिकाले तीनपटक संयुक्त राष्ट्र संघमा प्रस्ताव दर्ता गर्दासमेत सोभियत संघको ‘भिटो’ले गर्दा प्रस्ताव स्खलित भएको थियो ।

सन् २०२५ सम्म रसिया भारतबीच ६५ विलियन अमेरिकी डलरको व्यापार रहेको छ । सन् २०३० दुई मुलुकले सय विलियन अमेरिकी डलरसम्म व्यापार बढाउने महत्वांकाक्षा राखेका छन् । रसियालाई सूचना प्रविधिलगायत औषधि उत्पादनमा भारतले सहयोग गर्ने सम्झौता भएको छ ।

भारतले समेत सोभियत संघलाई हरेक कठिन अवस्थामा सहयोग गरेको देखिन्छ । ८० को दशकमा सोभियत संघले अफगानिस्तानमा सैनिक पठाउ“दा सारा संसार सोभियत संघविरुद्ध थिए । भारत भने सोभियत संघको पक्षमा उभिएको थियो । सिरियामा सोभियत आक्रमणको सर्मथनमा भारतमात्र थियो । क्रिमियालाई सोभियतले कब्जा गर्दासमेत भारतको ‘सोभियत नीति’मा परिवर्तन भएन । युक्रेन मुद्दामा समेत सोभियत संघविरुद्धको हरेक मतदानमा भारतले बहिष्कार गरेको थियो । भारतलाई उद्यौगीकरण यात्रामा लाग्न सोभियत संघको सबैभन्दा अधिक योगदान छ । पुटिनको पछिल्लो भारत यात्रालाई यही इतिहासको आलोकमा वर्णन गर्न उचित देखिन्छ । पुटिनको भारत यात्राले हिन्द प्रशान्त क्षेत्रमा नयाँ समीकरण सुरुवात गरेको देखिन्छ । भारतको हिन्द प्रशान्त नीतिलाई रसियाले निन्दा गरेको थियो । भारतको क्वाडमा महत्वपूर्ण भूमिका थियो । अमेरिकी नेतृत्वमा अष्ट्रेलिया, जापान र भारत हिन्द प्रशान्त क्षेत्रमा सामुद्रिक सुरक्षा पक्षमा एकबद्ध रूपमा अगाडि बढिरहेका थिए ।

पुटिनको यो भारत यात्राले हिन्द प्रशान्त क्षेत्रमा नयाँ समीकरण सुरुवात भएको छ । रसियाको जलसेना चेनाईसम्म सामुद्रिक मार्गबाट आवतजावत गर्ने र भारत रसियाको जलसेनाले हिन्द प्रशान्त क्षेत्रमा सुरक्षा प्रत्याभूत गर्ने सम्झौताले गर्दा डोनाल्ड ट्रम्पको ‘हिन्द प्रशान्तीय नीति’लाई चुनौती दिएको देखिन्छ । वर्तमान भूरा जनीतिक परिवेशमा ट्रम्पको ‘टेरिफ नीति’ले गर्दा भारत रसियाको आर्थिक सघन सम्बन्ध चुलिएको देखिन्छ । भारतविरुद्ध ५० प्रतिशतको ‘ट्रम्प टेरिफ’ हु‘दाहु‘दै पनि भारत विश्वको सबभन्दा अधिक आर्थिक विकास दर बढिरहेको छ । पुटिन र मोदीको संयुक्त सम्झदारी अनुसार दुईवटै मुलुक ऊर्जा, हतियार, खाद्यान्न, प्रविधिलगायत क्षेत्रमा सहयोग आदानप्रदान गर्ने सहमति भएको छ ।

सन् २०२५ सम्म रसिया भारतबीच ६५ विलियन अमेरिकी डलरको व्यापार रहेको छ । सन् २०३० दुई मुलुकले सय विलियन अमेरिकी डलरसम्म व्यापार बढाउने महत्वांकाक्षा राखेका छन् । रसियालाई सूचना प्रविधिलगायत औषधि उत्पादनमा भारतले सहयोग गर्ने सम्झौता भएको छ । तदनुरूप रसियामा मानव संसाधन कमी भएका कारण भारतले कुशल जनशक्तिका माध्यमबाट रसियालाई सहयोग गर्ने सम्झौता गरिएको छ ।

वर्तमान परिवेशमा रसियाको आर्थिक आकारभन्दा भारतीय अर्थतन्त्रको आर्थिक आकार दुई गुणा अधिक भए पनि सैन्य सार्मथ्यको हिसाबले रसिया संसारमा अब्ब्ल शक्ति हो । भारतलाई आणविक सार्मथ्यदेखि सुखई र ब्रह्मोक्ष निर्माण गर्न रसियाले सहयोग गदै आएको छ । कालान्तरमा हतियार निर्माण गर्न ‘मेक इन इन्डिया’ नारा अर्न्तगत रसियन प्रविधि र भारतीय पू‘जीको मद्दतले उच्चस्तरीय हतियार उत्पादन भारतमा नै गर्ने दुई सहमति बनेको छ । चीनको बढ्दो दबदबा मध्य नजर राख्दै रसिया-भारतले आफ्नो सघनता बढाएको छ ।

सन् १९६९ मा सोभियत संघ र चीनबीच सीमा विवाद हु“दा चीन हताहत भएको थियो । चिनिया“ पू‘जी र बजारको विकाल्पमा भारतलाई रसियाले उच्च महत्व दिएको छ ।

भूराजनीतिक समीकरणअनुसार रसिया र भारतबीच सघनता बढेको खण्डमा अमेरिकाको हिन्द प्रशान्तीय नीति प्रभावित हुनेछ । बढ्दो भारत-रसिया सम्बन्धले गर्दा ट्रम्पको भारतप्रति नीतिमा परिवर्तन हुनसक्ने आकलन गर्न सकिन्छ । कूटनीति कमजोर कडीमा हान्ने उपकरणसमेत भएकाले पुटिनको भारत यात्रा अर्थपूर्ण बनेको छ ।

साभारः राजधानीअनलाइन

(लेखकको यो निजी विचार हो ।)

## चिसो मौसममा हुने स्वास्थ्य समस्याबाट बचौं

जाडो तथा चिसोको समयमा :

-मौसमी रुघाखोकी, भाईरल ज्वरो, छातीको समस्या, दम, निमोनिया, झाडापखाला, छाला सुख्खा हुने, जोर्नी दुखाई, पिनास, टन्सिल, हृदयघात लगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन् ।

-बालबालिका, बृद्धबृद्धा तथा दीर्घरोगीहरु बढी प्रभावित हुन सक्छन्

-चिसो मौसममा बाक्लो र न्यानो कपडा लगाऔं,

-तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाऔं,

-शारीरिक व्यायाम गरौं, धुम्रपान मद्यपान नगरौं,

-घर तथा कोठा न्यानो बनाऔं,

-नियमित घाम ताप्ने गरौं ।

शे फोक्सुण्डो गाउँपालिका, डोल्पा

छोरा छोरी सबैलाई,
समान रुपमा विद्यालय पठाऔं ।

## स्वास्थ्य सेवा कार्यालय डोल्पाको अत्यन्त जरुरी सूचना

महामारिका रुपमा फैलिने कोरोना भाइरस तथा कोभिड १९, टाइफाइट, हैजा, झाडापखाला लगायतका विभिन्न प्रकारका घातक रोगहरुबाट बच्नका लागि निम्न उपायहरु अपनाई आफू बचौं र अरुलाई पनि बचाऔं । नेपालमा विस्तारै कोरोना भाइरसको संक्रमण बढ्दै छ । यसले महामारिको रुप पनि लिन सक्छ त्यसैले सतर्क रहौं ।

महामारिबाट बच्ने उपायहरु

१. अनावश्यक घर वाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. पानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बन्छ समृद्धिको वेस(bass) कोरोना भाइरस लगायतका महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

स्वास्थ्य सेवा कार्यालय

दुनै, डोल्पा

# आन्तरिक अर्थतन्त्रको विकास

- कृष्णमणि पराजुली

कुनै पनि देशको अर्थतन्त्र भन्नाले खास गरेर त्यस देशको उत्पादन, वितरण, उपभोग, लगानी, व्यापार, आम्दानी, खर्च, बचत, वित्तीय प्रणाली जस्ता क्षेत्र हुन् भन्ने बुझ्नु पर्छ । विस्तृत अर्थमा भन्नु पर्दा सरकारी नीतिदेखि लिएर सम्पूर्ण आर्थिक गतिविधिको समष्टिगत स्वरूप नै अर्थतन्त्र हो । यसरी अर्थतन्त्रको स्वरूप ठुलो हुने भएकाले एउटा सानो ओढारमा बस्ने मानिसदेखि लिएर विश्वका धनी मानिसलाई समेत त्यस देशको अर्थतन्त्रले प्रभाव पारेको हुन्छ । अर्थतन्त्रसँग जोडिएका विभिन्न अवयव आफैँमा परिपूर्ण हुँदैनन् । कुनै न कुनै रूपमा तिनीहरूमा कमीकमजोरी भएकै हुन्छन् । त्यसैले गर्दा अर्थतन्त्रले सधैँ सुधार खोजिरहेको हुन्छ । विकसित देशहरूको अर्थतन्त्रमा पनि सुधार गरिएकै हुन्छ । उनीहरूले पनि आर्थिक ऐन नियम, नीति तथा अन्य कुराहरूमा आवश्यकता अनुसार सुधार गरेका हुन्छन् । अल्पविकसित देशमा भने समसामयिक सुधार मन्द गतिमा भएका हुन्छन् ।

नेपालमा राजनीतिले स्थायित्व लिन सकिरहेको छैन । पटक पटक सरकार परिवर्तन हुँदा आर्थिक नीति फेरबदल गरिएका हुन्छन् । सरकार परिवर्तन भइरहने र नीतिहरू पनि सरकारै पिच्छे भिन्न रूपले आउने हुँदा नीति कार्यान्वयनमा समस्या देखिन्छन् । सरकारले स्थायित्व पाउन सक्यो भने स्वतः नीतिहरू कार्यान्वयनमा आउँछन् र देशको अर्थतन्त्र उपलब्धिमूलक हुन सक्छ । अर्थतन्त्र उकास्न बढी योगदान गर्ने भनेका उत्पादन, वितरण, उपभोग र लगानी जस्ता अवयव हुन् । उत्पादन त्यसै थुप्रिँदैन । उत्पादनको अभावमा वितरण सम्भव हुँदैन । जहाँ वितरण हुँदैन त्यस अवस्थामा उपभोग हुने कुरै भएन । उत्पादन गर्नुपूर्व लगानीको झनै आवश्यकता परेको हुन्छ । त्यस कारण देशको अर्थतन्त्र मजबुत बनाउने काम त्यति सजिलो छैन । मूलतः पैसाकै आवश्यकता हुन्छ । विदेशी मुलुक र अन्तर्राष्ट्रिय संस्थाबाट समेत उपलब्ध नभएको अवस्थामा देशको अर्थतन्त्र जटिल अवस्थामा जानुलाई स्वाभाविक रूपमा लिनु पर्छ नेपालको अर्थतन्त्रलाई राजनीतिक नेतृत्वले हल्का रूपमा लिएको देखिन्छ । अवस्थाको यथार्थता जस्तो छ त्यही बमोजिम सुधार गर्ने हो भने निश्चय नै अर्थतन्त्रले सही बाटो लिन सक्ने हुन्छ । सरकारमा रहेको अवस्थामा राम्रो र सरकार बाहिर हुँदा नराम्रो भन्ने एक प्रकारको परम्परा नै बस्न गएको छ । यस कारणले गर्दा अर्थतन्त्र प्रभावकारी हुन नसकेको अहिलेको अवस्था हो । अहिले अर्थतन्त्र राम्रो अवस्थामा देखिँदैन । देशको अर्थतन्त्र उत्पादनशील बनाउनका लागि आन्तरिक उत्पादनमा जोड दिनु पर्छ । आन्तरिक उत्पादनको गति न्यून देखिन्छ । आन्तरिक अर्थतन्त्र खस्कदै जाँदा देशको अर्थतन्त्र बाह्य अर्थतन्त्रमा भर परेको छ । बाह्य अर्थतन्त्रमा खास गरेर विप्रेषणको योगदान धेरै भएको हुनाले विदेशी भुक्तानी सहज हुन गएको छ । अहिले ३० खर्ब विदेशी मुद्रा सञ्चिति छ र यसले १७.४ महिनाको आयात धान्न सक्ने देखिन्छ ।

अर्कोतर्फ अहिले विश्व अर्थतन्त्रको अवस्था पनि त्यति राम्रो देखिँदैन । महामारी, युद्ध तथा मूल्यवृद्धिको कारणले गर्दा विकसित मुलुकको अर्थतन्त्रलाई समेत धक्का पुगेको स्थिति छ । यस्तो विश्व परिवेशमा विकसित देश तथा अन्तर्राष्ट्रिय सङ्गठनबाट अनुदान तथा ऋण सहयोगको अपेक्षा गर्नु पनि त्यति भरपदो हुँदैन । विकसित देशले अल्पकिसित मुलुकलाई जसरी अनुदान दिँदै आएका थिए, अहिले यसमा निकै कमी आएको छ । केही वर्षभित्र अनुदानलाई पूर्ण रूपले बन्द नै गर्ने सम्भावना देखिन्छ । अनुदान भनेको फिर्ता गर्नु पर्दैन । ब्याज पनि तिर्नु नपर्ने र साँवा पनि फिर्ता गर्नु नपर्ने भएकाले नेपालको लागि यो अति उत्तम हो । अहिले अनुदानमा कटौती हुँदै गएकोले यसमा आशा गर्ने ठाउँ खुम्चिँदै गएको अवस्था छ ।

अर्को स्रोत भनेको बाह्य ऋण हो । अहिले कुल सार्वजनिक ऋण २७ खर्ब पुगिसकेको छ । यसमा करिब १४ खर्बको हाराहारीमा बाह्य ऋण छ । कुल गार्हस्थ उत्पादनको ४४ प्रतिशत देखिन्छ । गार्हस्थ उत्पादनको सीमाभित्र रहे पनि सानो आकारको आर्थिक संरचना भएको देशमा २७ खर्बको सार्वजनिक ऋणलाई कम जोखिम छ भन्न सकिँदैन । अर्कोतर्फ उत्पादनमूलक क्षेत्रमा लगानी गर्न नसकिएको हुनाले लाभदायी पनि हुन सकेको छैन । अर्थतन्त्रले सही बाटो लिएको अवस्थामा मात्र सहज किसिमले वैदेशिक सहायता भित्रिने हो । नेपाल 'ग्रे लिस्ट' मा परेको हुनाले बाह्य देशले पनि शङ्काको दृष्टिबाट हेरेका हुन्छन् । छोटो समयमा नै 'ग्रे लिस्ट' बाट नेपाल बाहिरिने वातावरण पनि निर्माण भएको देखिँदैन । किनभने अहिले अन्तरिम सरकार बनेको छ । यसको मुख्य एजेन्डा भनेको आउँदो फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन गराउने हो । यस अवस्थामा अर्थतन्त्रमा तात्त्विक सुधार आउन सक्ने सम्भावना न्यून नै देखिन्छ ।

सार्वभौम साख मूल्याङ्कनमा नेपालले बिबि माइनस प्राप्त गरेको छ । अघिल्लो पटक पनि यही अङ्क प्राप्त गरेको थियो । यसमा सुधार हुन नसके पनि अर्थतन्त्रको यस्तो कठिन अवस्थामा तल नझर्नुलाई राम्रै मान्नु पर्छ । डबल बी माइनस लगानीका लागि उपयुक्त भए पनि नेपालमा किन अपेक्षित लगानी आउन सकिरहेको छैन । यसतर्फ राज्यले ध्यानदिनु पर्छ । अहिले राजनीति तरल अवस्थामा छ । यस्तो अवस्थामा ठुला र महत्वाकाङ्क्षी आयोजना सञ्चालनमा ल्याउनुभन्दा साना तर उत्पादनमुखी र भुइँमान्छेलाई छुने कार्यक्रम ल्याउनु उपयुक्त देखिन्छ । ठुलो जनसङ्ख्या गरिबीको रेखामुनि भएको हुँदा उनीहरूलाई लक्षित गरी कार्यक्रम ल्याउनु उपलब्धिमूलक हुने छ । साना आयोजना समयमा नै सम्पन्न गर्न सकिने हुन्छन् र कम लागत हुने भएकाले वित्तीय स्रोतसाधनले पनि समस्या नहुन सक्छ ।

आगामी प्रतिनिधि सभाको निर्वाचनमा बजेट छुट्याउनु परेकाले सरकारले त्यसको व्यवस्थापन गर्न खर्चमा मितव्ययिता, अनावश्यक रूपमा दोहोरो खर्च हुन नदिने, एकै प्रकृतिको कामका लागि स्थापना भएका विभिन्न संरचनाको मिलान, सञ्चालनमा नआएका आयोजनाको कटौती जस्ता कार्य निश्चय नै खर्च व्यवस्थापनका सकारात्मक पक्षका रूपमा लिनु पर्छ । स्रोत व्यवस्थापनमा देखिएको समस्या भनेको थोरै पुँजीगत बजेट विनियोजन गर्ने त्यही पनि खर्च नहुने अहिले मात्र होइन पहिलेदेखि नै चलिआएको छ । अर्थतन्त्रलाई प्रभावकारी बनाउने भनेको नै पुँजीगत खर्च हो । पुँजीगत बजेट खर्च हुन नसकेको कारणले गर्दा विकास आयोजना समयमा सम्पन्न हुन सकेका छैनन् । यसले गर्दा लागतमा वृद्धि भएको छ । आयोजना मूलतः ऋणबाट सञ्चालन हुने हुँदा ब्याजको रकम पनि बढ्न गएको छ । नेपालको अर्थतन्त्रमा पुँजीगत बजेटकै हाराहारीमा वित्तीय व्यवस्थापनमा बजेट विनियोजन हुने गरेको पाइन्छ । कतिपय अवस्थामा ...... (गोपबाट)

जनहितमा जारी सूचना
खाना खानु अघि, शौचालय गए पछि,
खेतबारीमा काम गरिसके पछि
मिचिमिचि साबुन पानीले
हात धुन नभुलौं
खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय
दुनै, डोल्पा

युवा सशक्तिकरण गरौं

युवा सशक्तिकरण किन :

- नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
- राज्यका हरेक अंगमा सार्थक सहभागिता सुनिश्चित गर्न,
- स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
- कर्तव्य प्रति सेचत युवाजनशक्ति निर्माण गर्न,
- समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
- नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन ।

त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा

स्तनपानः बालबालिकालाई बरदान

आमाको दुध बालबालिकाका लागि अमृत समान हुन्छ । त्यसैले,
- स्वास्थ्यकर्मीहरुले आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु सिफारिस गर्नु हुँदैन,
- आमाको दुधको विकल्पमा बट्टाको दुध, दूधदानी जस्ता वस्तुको प्रबर्द्धन गर्नु हुँदैन,
- त्यस्ता वस्तुको उत्पादक वा वितरकबाट कुनै पनि किसिमको नमूना लिने तथा आर्थिक वा भौतिक उपहार लिनु हुँदैन ।
त्यस्तो कार्य गरेको पाइएमा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (विक्रि वितरण नियन्त्रण) ऐन, २०४९ अनुसार कारवाही हुनेछ ।

मुड्केचुला गाउँपालिका, डोल्पा

# आफैसँगको अन्तरविरोधमा जेनजी

- रोशनराज दाहाल

जेन-जी पुस्तालाई अत्यन्त फरक र क्रान्तिकारी वा बेखबर र उदासीन भनेर चित्रण गर्नु गलत हो ।

यो पुस्ता प्रविधिमैत्री, छरितो प्रतिक्रिया दिने र भावुक भए पनि सामाजिक जिम्मेवारीमा अझै कमजोर देखिन्छ ।

सही अवसर, मार्गदर्शन र जिम्मेवारी पाएमा जेन-जीले समाज र देशको भविष्य उज्यालो बनाउन सक्ने सम्भावना छ ।

यो सारांश एआइ द्वारा सिर्जना गरिएको हो ।

जेन-जीका बारेमा अहिले यस्तो कुरा गरिँदै छ, मानौं उनीहरू अर्कै लोकबाट आएका हुन् । मानौं, यहाँका अरू मानिससँग हाम्रो कुनै साइनो सम्बन्ध नै छैन । मानौं, जेन-जीले जानेका विषय अरूले जानेकै छैनन्, उनीहरूको ज्ञानेन्द्रीय र कर्मेन्द्रीय नै फरक छन् ।

मानौं, जेन-जीले उठाएका भ्रष्टाचार का मुद्दा उनीहरूको मात्र हो । जेन-जी मात्रै क्रान्तिकारी वर्ग हो । सुशासन उनीहरूलाई मात्र आवश्यक छ ।

अर्कोतिर, केही मानिसहरू यो पुस्तालाई इतिहासबाट बेखबर, परिवार र सामाजिक सम्बन्धहरूबारे उदासीन, धर्म-संस्कृतिबाट टाढा रहेका, व्यवहारशून्य, मोबाइलका कीरा, मानवीय चेत र हृदय नभएका वज्रस्वाँठ ठान्छन् ।

जेन-जीका विषयमा आउने यी दुवै विचार र मान्यता सर्वथा गलत छन् । हो, देश र दुनियाँमा आएका राजनीतिक, प्राविधिक, सामाजिक, आर्थिक लगायतका क्षेत्रमा आएका प्रायः नियमित र केही विशेष परिवर्तनले अहिलेका मानिसको सोचाइ र सोच्ने तरिकामा परिवर्तन आएको छ, जुन स्वाभाविक हो ।

अहिले जनताका माग र मुद्दा फेरिएका छन् । उहिलेका साधनस्रोत अहिलेका लागि पर्याप्त नहुनु/नलाग्नु स्वाभाविक हो । यसअघिका आन्दोलनले फेरिएका सकारात्मक अवस्था अहिले अपुग भएका छन् । पहिले बाटो, बिजुली, खानेपानी, यातायातका न्यूनतम व्यवस्था थिएन, अघिल्लो पुस्ताले त्यही माग्यो र त्यही पायो । पहिले स्कुल, कलेज थिएन, त्यही नै माग र मुद्दा थियो ।

अहिले बिजुलीको उज्यालोमा बसेर, घर नजिकैको स्कुल-कलेजमा पढेर, घर भित्रै पुगेको धाराको पानीमा नुहाएर, आँगनकै ढुंगासम्म पुगेको कालोपत्रे वा ढलान बाटोमा यातायातको साधन प्रयोग गर्न पाएकाहरूले थप नयाँ कुरा सोच्नु, खोज्नु कत्ति पनि अस्वाभाविक विषय होइन ।

हिजो राजा-महाराजा, सामन्त, ठालु, महाजनहरूको थिचोमिचो र तजबिजी व्यवस्थामा साँगुरिनुपर्दाको माग-मुद्दा र लोकतान्त्रिक गणतन्त्रको फराकिलो क्षितिजमा खोजिने माग-मुद्दामा फरक आउनु बिल्कुल सकारात्मक हो । काग कराएको भरमा सूचना तथा सञ्चारको अनुमान गर्नुपर्ने, बिहानमा पूर्व र बेलुका पश्चिमको बादल हेरेर मौसमको भर पर्नुपर्ने अवस्थाबाट हाम्रो समाज धेरै अगाडि बढिसकेको छ ।

परदेश गएको आफन्तको मृत्युको खबर कैयौं दिनमा धागोले बाँधेको चिठी आएपछि सूचित हुने जमाना छैन । यी र यस्ता अनेकौं विकास र परिवर्तनले नयाँ चेतना, नयाँ जागरण ल्याइदिएको छ । यसले नयाँ माग र मुद्दा उठाउन सघाएको छ, नयाँ समाधान खोजेको छ । यसले पुरानो पुस्ताका कतिपय अगुवाहरूमा आश्चर्यको सञ्चार भएको होला, तर अहिले परिवर्तनको गति मन्द होइन, तीव्र हुने पूर्वाधार छन् । यसतर्फ हामी सबैले ध्यान दिनु आवश्यक छ ।

जेन-जी प्रविधिमैत्री, छिटो प्रतिक्रिया दिने तर उपभोगतर्फ बढी आकर्षित भएको पुस्ता हो । भावुक तर भावनाप्रति उदासीन, सजिलै प्रभावित हुने यिनको सक्रियता समाजका लागि अवसर र चुनौती दुवै हो ।

जेन-जीको आन्दोलनपछि केही मानिसहरूलाई लाग्यो, जेन-जी भनेको त आन्दोलनकारी हो, क्रान्तिकारी हो । जे गर्छ, यसैले गर्छ भन्ने भ्रम पनि धेरैमा रहेको हुन सक्दछ । तर जेन-जी भनेको निश्चित समयावधिमा जन्मेका मानिस मात्रै हुन् ।

केही अपवादबाहेक जेन-जी र अघिल्लो पुस्ता विरोधी पुस्ता होइन, हुनै सक्दैन । उनीहरूले पाउने अधिकारमा सबैका अधिकार कार्टिंदैनन् । उनीहरूले प्राप्त गर्ने निर्बाध अधिकार नै अघिल्लो पुस्ताका लागि सबैभन्दा ठूलो सुखको विषय हो ।

समाजमा जहिले पनि दुई वर्गबीच संघर्ष चलिरहेको पाइन्छ । हरेक काल खण्डमा शासक र शासित वर्ग भिन्न हुने गरेको देखिन्छ । युगअनुसार दास र मालिक, सामन्त र कृषक, रजौटा र प्रजा, पुँजीपति वर्ग र श्रमिक आदि बीचमा अन्तर्विरोध रहेको देखिन्छ । बौद्धिक श्रम गर्ने सुकिला श्रमजीवी र शारीरिक श्रम गर्ने मलिन श्रमजीवी बीचको भिन्नता पनि एक प्रकारको सवालका रूपमा रहेकै छ ।

जेन-जी इतरको पुस्ताले बुझ्न आवश्यक छ कि, जेन-जी त्यस्तो समयमा जन्मिएको हो, जब मोबाइल, कम्प्युटर, इन्टरनेट, सामाजिक सञ्जाल र सूचना प्रविधि तीव्र गतिमा विस्तार भइरहेको थियो । यसकारण यो पुस्ताले प्रविधिलाई मात्र सिकेन, बरु प्रविधिमै जन्मिएको र हुर्किएको पुस्ता बन्यो । छोटकरीमा भन्ने हो भने यो पुस्ताले 'डिजिटल अफिस' होइन, 'डिजिटल जीवन' अनुभव गरेको छ ।

यो पुस्ता छिटो बुझ्ने, छिटो प्रतिक्रिया दिने, छिटो प्रभावित हुने र छिट्टै निष्कर्ष निकाल्ने प्रवृत्तिका कारण परिचित छ । टिकटक, इन्स्टाग्राम, फेसबुकजस्ता प्लाटफर्ममा छोटकरी जानकारी, छोटकरी मनोरञ्जन र छोटकरी प्रतिक्रिया दिने अभ्यासले यो पुस्तालाई द्रुत वा छिटो बनाएको छ । तर, यही छिटो बुझ्ने र छिटो प्रतिक्रिया दिने क्षमताले कहिलेकाहीँ गहिरो सोच, धैर्यता र दीर्घकालीन दृष्टिकोण कमजोर बनाइदिन्छ ।

जेन-जी प्रविधिको प्रयोगमा सफल देखिए पनि नयाँ अनुसन्धान, गहिरो अध्ययन र मौलिक आविष्कारमा योगदान गरेको खासै देखिँदैन । सायद यो पुस्ताले उपभोक्ताको भूमिकामा बढी सहजता पाएको छ । अरूले बनाएको प्रविधि, सिर्जना र सेवाको उपयोग गर्ने र त्यसमा छिटो अनुकूलन हुने यो पुस्ताको ठूलो क्षमता हो । तर मौलिक सिर्जना, अनुसन्धान र नयाँ सम्भावनाको विकासमा भने अपेक्षित योगदान नदेखिनु चिन्ताको विषय हो । यो पुस्तामा एउटा ठूलो विरोधाभास छ । आफूहरू छिट्टै भावुक हुन्छन्, भावनामा तानिन्छन्, तर अरूको भावनाको सम्मान गर्न भने धेरै चासो देखाउँदैनन् । सामाजिक सञ्जालमा 'ट्रेन्ड' हुने विषयमा भावनात्मक प्रतिक्रिया दिन्छन्, तर नजिकैको मानिसको पीडाप्रति धेरै संवेदनशील देखिँदैनन् । यसरी भावुक र निर्मम दुवै विशेषता एउटै पुस्तामा देखिनु सामाजिक अध्ययनका लागि रोचक पक्ष हो ।

यो पुस्ताको एउटा सकारात्मक पक्ष भनेको उनीहरू आन्दोलनमा आउन थालेका छन् । सामाजिक सञ्जाल बन्दविरुद्ध हालै देखिएको युवाको सडक उपस्थिति यसको उदाहरण हो । नयाँ पुस्ताले सामाजिक, राजनीतिक मुद्दामा प्रत्यक्ष चासो देखाउनु लोकतन्त्र र परिवर्तनका लागि आशाजनक संकेत हो । यो पुस्ताले आफ्नो अधिकारका लागि मात्र होइन, समाज र देशको हितका लागि पनि आवाज उठाउन थालेको देखिन्छ । तर यहाँ पनि प्रश्न उठ्छ- के यो पुस्ता आन्दोलनमा 'भाग (उपभोग)' का लागि ....... (ईकान्तिपुरबाट)


## मानवअधिकारको सम्मान गरौं

- मानवअधिकार जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
- मानवअधिकार व्यक्तिको जात, धर्म, भाषा, लिंग वा वर्णको आधारमा भेदभाव नगरी समान अधिकार र अवसर प्रदान गरिएको हुन्छ,
- मानवअधिकार देशको संविधान, कानून र अन्तराष्ट्रिय सन्धिद्धारा प्रदत्त अधिकार हुन्,
- मानवअधिकार उल्लंघन नगरौं,
- मानवअधिकारको उल्लंघन भएमा राष्ट्रिय मानवअधिकार आयोग वा सम्बन्धित निकायमा उजुरी गरौं ।

मानवअधिकारप्रति सचेत रहौं ।

डोल्पोबुद्ध गाउँपालिका, डोल्पा

## बालअधिकार प्रति संवेदनशील बनौं

- माया, ममता, संरक्षण, स्वास्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् ।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको सुनिश्चित गरौं गराऔं ।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावक लगायत सबै संवेदनशील बनौं ।

जगदुल्ला गाउँपालिका, डोल्पा

## भूकम्पको जोखिमबाट सुरक्षित बनौं

- भूकम्प जाँदा कमजोर संरचनाका कारण बढि क्षति हुन्छ ।
- घर जस्ता संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधि बनाऔं।
- प्राविधिकको सल्लाह लिएर मात्र घर बनाऔं ।
- भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्व तयारी गरौं ।
- भूकम्प जाँदा आत्तिएर जथाभावि भाग्ने र दौडने नगरौं ।
- धैर्यतापूर्वक वाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं ।
- भूकम्पमा अप्ठेरो परेकालाई सहयोग गरौं ।

ठुलीभेरी नगरपालिका, डोल्पा